भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको ६२ औं बैठकका निर्णयहरु :

**निर्णय नं १ :**

यस गाउँपालिका अन्तर्गत जनता आवास कार्यक्रम कार्यान्वयन गर्नको लागि लाभग्राही सर्वेक्षण फाराम सबै वडा कार्यालयहरुले भरी मिति २०७६।१०।२५ गतेभित्र गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्न निर्देशन गर्ने ।

**निर्णय नं २**

यस गाउँपालिकाको आ व २०७५।०७६ को म ले प को प्रारम्भिक प्रतिवेदन बैकमा पेश भई सो प्रतिवेदन माथि व्यापक छलफल गरियो । प्रतिवेदनमा उल्लेखित वेरुजुको दफाहरुको आवश्यक कागजात तथा प्रमाणसहित प्रतिक्रिया पेश गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

**निर्णय नं ३**

यस गाउँपालिकामा कार्यान्वयनमा रहेको श्रम रोजगार बैंकका सदस्यहरुको सामूहिक म्यादी विमा कन्टेन्जेन्सी रकमबाट खर्च हुने गरी गर्ने ।

**निर्णय नं ४**

भगवतीमाई गाउँपालिकाको आ व २०७६।०७७ स्वीकृत कार्यक्रम अनुसार जेष्ठ नागरिकलाई न्यानो कपडा वितरणको लागि कपडा खरिद भई सकेको हुँदा तपसिलको मिति र स्थानमा कपडा वितरण कार्यक्रम आयोजना गर्ने ।

**तपसिलः**

| क्र स | मिति | वडा नं | स्थान |
|---|---|---|---|
| १ | २०७६।१०।१७ | ५, ६ र ७ | सम्वन्धित वडा कार्यालय |
| २ | २०७६।१०।१८ | १ र २ | सम्वन्धित वडा कार्यालय |
| ३ | २०७६।१०।१९ | ३ र ४ | सम्वन्धित वडा कार्यालय |

**निर्णय नं ५**

वेस्तडा प्रहरी चौकी वेस्तडामा मिति २०७६।०९।०५ गते भएका निर्णयहरु बैठकमा बाचन गरियो र यस सम्वन्धमा अर्को बैठकमा छलफल गरी निर्णय गर्ने ।

**निर्णय नं ६**

कर्णाली प्रदेश सरकारको पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत यस गाउँपालिक अन्तगर्गत चालु आ व २०७६।०७७ मा संचालन हुने आयोजनाहरु देहाय वमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र स | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | रकम रु हजारमा | कार्यान्वयन हुने विधि |
|---|---|---|---|---|
| १ | बासुधारा बगौरा हुँदै वडा कार्यालय सडक स्तरोन्नती | वडा नं १ | १९८५।०० | उपभोक्ता समिति |
| २ | बेस्तडा खेल मैदान निर्माण मिनी स्टेडियम | वडा नं २ | ४९६२।५० | श्रम रोजगार बैंक |
| ३ | लक्ष्मी प्रा वि पैयागाउँ कट्टी भवन निर्माण | वडा नं ६ | १९८५।०० | उपभोक्ता समिति |
| ४ | तुर्सु पोखरा पातिहाल्ना सडक निर्माण | वडा नं ४ | २९७७।५० | उपभोक्ता समिति |
| ५ | बाँसे पाल्त ढकार कट्टी सडक निर्माण | वडा नं ६ | २९७७।५० | उपभोक्ता समिति |
| ६ | भगवती मा वि तुर्सु फिल्ड निर्माण | वडा नं ४ | १९८५।०० | उपभोक्ता समिति |

**निर्णय नं ७**

यस भगवतीमाई गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि नेपाल सरकार, स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत कार्यक्रम समन्वय इकाई ललितपुरमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

यस भगवतीमाई गाउँपालिकाको केन्द्र वेस्तडा जोड्नको लागि सुर्खेत रानीमता दैलेख सडकको चुप्रा ( ठाडाखोला) देखी लोहोरे खोला पक्की पुलसम्मको सडक खण्डको स्तरोन्नती नहुँदा उक्त खण्डमा यातायात सुचारु नभएकोले मानिसहरुलाई यात्रा गर्न कठिनाई भईरहेको हुँदा सो सडक खण्ड कालोपत्रे गर्नको लागि प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रमको मिति २०७६।०९।२१ गते प्रकाशित सूचना बमोजिम कर्णाली प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम अन्तर्गत कार्यक्रम समन्वय इकाई ललितपुरमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ९</u>**

यस भगवतीमाई गाउँपालिका वडा नं १ साविक पगनाथ गा वि स वडा नं १ मा रहेको तपसिल बमोजिमको जग्गा भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयको नाममा दान दातव्य स्वरुप पास गर्न सम्वन्धित जग्गाधनी मञ्जुर रहेको हुँदा उक्त जग्गा भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयको नाममा पास गर्ने । उक्त जग्गा पास गर्ने नायव प्राविधिक सहायक श्री मुकुन्द खत्रीलाई तोक्ने निर्णय गरियो ।

तपसिलः

| क्र स | जग्गा धनीको नाम | ठेगाना | जग्गाको कित्ता नं | ठेगाना | जम्मा क्षेत्रफल | पास गर्ने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | महारुप थापा | भगवतीमाई १ | २३ | साविक पगनाथ १ | २५७५ | २५७५ | |
| २ | | | १०६ | | ४८५० | ४८५० | |
| | जम्मा | | | | ७४२५ | ७४२५ | |

**<u>निर्णय नं १०</u>**

जिल्ला प्रशासन कार्यालय दैलेखमा २०७६।१०।०५ गते भएको कार्यालय प्रमुखको बैठकको निर्णय यस बैठकमा जानकारी गराईयो ।